# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल

प.सं. २०७८/०७९
च.नं. २४९६

मितिः २०७८।११।२९

श्री संस्थागत, सामुदायिक तथा धार्मिक विद्यालयहरु सवै ,
अर्जुनधारा नगरपालिका, झापा,
श्री वडा कार्यालय सबै ।

**विषयः कोभिड १९ विरुद्धको (मोडर्ना) खोप सञ्चालन हुने बारे ।**

उपर्युक्त विषयमा कोभिड १९ विरुद्धको (मोडर्ना) खोप दोस्रो मात्रा मिति २०७८।११।२२ देखि२४गते बाट विभिन्न विद्यालयहरु केन्द्र राखी सञ्चालन रहेकोमा लक्षित समूहका छुट भएका विद्यालय जाने तथा समुदायका बालबालिकाहरुका लागि साथै दोस्रो मात्रा लगाएका ६ महिना भन्दा बढि भएकामा बुस्टर डोज खोप सञ्चालन गरिने भएको हुँदा आवश्यक प्रचार प्रसार तथा व्यवस्थापन गर्नु हुन अनुरोध छ।

तपसिलः

| मिति | खोप क्लिनिक | लक्षित समूह | पेश गर्नुपर्ने आधारहरु |
|---|---|---|---|
| २०७८।११। ३० र २०७८।१२।०१ गते | शनिश्चरे अस्पताल अर्जुनधारा नगरपालिका वडा नं ९, खानेपानी टोल | • १२ वर्ष देखि १७ वर्ष सम्मका बालबालिकाहरू,<br>• बुस्टर डोजको लागि दोस्रो मात्रा लगाएका ६ महिना भन्दा बढि भएकामा | उमेर खुल्ने आधिकारिक निकायबाट जारी परिचय पत्र वा दोस्रो तथा बुस्टरको लागि पहिला खोप लगाएको खोप कार्ड । |

| खोप लाउँन नहुने अवस्थाहरुः | मोडर्ना खोप तत्कालको लागि लगाउन नहुने अवस्था |
|---|---|
| - १२ वर्ष भन्दा कम उमेरको व्यक्ति<br>- यो खोपको पहिलो मात्रा लगाएपछि कुनै पनि गम्भिर प्रकारको एलर्जिक प्रतिक्रिया भएको (जस्तै एनाफाइलेक्सिस्) भएको व्यक्ति<br>- पहिला अन्य कुनै कारण जस्तै– Any vaccine, Injectable therapy, Pharmaceutical product बाट गम्भिर प्रकारको प्रतिक्रिया (एनाफाइलेक्सिस्) भएको व्यक्ति,<br>- Lipid SM-102, Cholesterol,1,2-distearoyl-sn-glycero-3-phosphocholine (DSPC), 1,2-Dimyristoyl-rac-glycero-3-methoxypolyethylene glycol-2000 (PEG2000 DMG) Trometamol, Trometamol hydrochloride, Acetic acid, Sodium acetate trihydrate, Sucrose मध्ये कुनै तत्वको कारणबाट एनाफाइलेक्सिस प्रतिक्रिया भएको व्यक्ति । | - कोभिड-१९ भएको व्यक्ति जसले उपचार गर्ने क्रममा Immunoglobulin, Monoclonal antibodies वा Convalescent Plasma Therapy लिएको व्यक्तिलाई यस प्रकारको उपचार लिएको ९० दिन सम्म,<br>- कोभिड-१९ संक्रमित भएको अवस्थामा यो खोप लगाउनु हुदैन तर निको भएको ३० दिन भित्र,<br>- कुनै पनि प्रकारको गम्भिर विरामी भएको वा उच्च ज्वरो आएको अवस्थामा यो खोप लगाउनु हुदैन, तर यस प्रकारको अवस्था ठीक भएपछि यो खोप लगाउन हुन्छ<br>- Bleeding disorders/ Coagulation disorders, Clotting factor deficiency, Coagulopathy, Platelet disorders/ Anticoagulation therapy मा रहेको व्यक्तिलाई यो खोप दिन सकिन्छ तर त्यस्ता व्यक्तिलाई विशेष निगरानीको जरुरी हुन्छ। |

- खोप सेवा सञ्चालन हुने समय विहान १०:०० वाट ३:३० सम्म, सेसन समाप्ति पश्चात प्रतिवेदन गर्नुहुन,
- खोप सेवा लिनु आउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु हुन।

**बोधार्थ तथा कार्यार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाई, भद्रपुर, झापा ।
श्री स्वास्थ्य कार्यालय, भद्रपुर, झापा
श्री शनिश्चरे अस्पताल वडा नं. ९,(उपरोक्त व्यहोरा अवगत भइ खोप तथा खोपजन्य सामग्रीको वितरण गर्नुहुन ।)
श्री सबै स्वास्थ्य सस्थाहरु आवश्यक प्रचार प्रसार गर्नुहुन ।
श्री प्रहरी चौकी शनिश्चरे(आवश्यक समन्वय तथा शान्ति सुरक्षाको प्रवन्ध गर्नुहुन)।

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइटः www.arjundharamun.gov.np